# शिलबन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/१०/०६ गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २८७३ मिति २०८१/११/२६ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यलय बाँकेको च.नं. १६७२ मिति २०८२/०९/०४ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना र धौटी जातका कुल जम्मा गोलिया थान ८४ को ५३७.७ क्यू.फिट काठ तथा साल जातको २.२५ चट्टा दाउरा र अन्य जातको १.२५ लाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो । ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र शिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिनभित्र शिलबन्दी बोलपत्र दर्ता गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

## श्री सम्झना सामुदायिक वन उपभोक्ता समूह

राप्तीसोनारी-०३, बाँके

# हिमपात नहुँदा मुस्ताङका किसान चिन्तित

मुस्ताङ, माघ ५ । पछिल्लो तीन वर्षयता हिमाली मुस्ताङमा हिमपात हुन सकेन । गत कात्तिक महिनामा यहाँको माथिल्लो मुस्ताङ क्षेत्रसहित वारागुङ मुक्तिक्षेत्र-१ मुक्तिनाथ र (मुस्ताङ-डोल्पा) सडकको साङ्ता गाउँ आसपासका क्षेत्रमा आशिंक मात्रै हिमपात भयो । तत्कालीन समयमा बेमौसममा परेको आशिंक हिमपातले त्यसक्षेत्रका किसानलाई योगदान दिन सकेन ।हिउँदयामको मौसममा परेको हिउँ किसानका लागि बरदान सावित हुन्छ। अनुकूल समयमा हिउँ पर्‍यो भने अन्नबाली सप्रिने र उत्पादनसमेत वृद्धि हुने भए पनि यसवर्ष पनि पुस महिना कटिसक्दासमेत हिउँ पर्न सकेको छैन। अक्सर हिमाली क्षेत्रमा बर्सेनी पुस र माघ महिना हिउँ पर्छ भन्ने मान्यता रहेको छ। तर, पछिल्लो समय जलवायु परिवर्तनको प्रभावका कारण हिमाली क्षेत्रमा अनुकूल समयमा पनि हिउँ पर्न नसकेको घरपझोङ गाउँपालिकाका कृषि शाखा अधिकृत रोशन थकाली बताउँछन्।

यहाँका अधिकांश खेतीयोग्य जमिन तथा स्याउ बगैँचामा सिँचाइको पहुँच स्थापित भए पनि कृषि उर्वराशक्ति वृद्धिका लागि हिउँदयाममा हिउँ पर्न आवश्यक रहेको कृषि शाखा प्रमुख थकालीको भनाइ छ । हिउँदयामको जाडो मौसमको अनुकूल समयामा हिउँ परेमा खेतीयोग्य जमिनको भित्री तहसम्म चिस्यान भरिएर पूर्णरुपमा रिचार्ज हुने र यसले स्याउ ,उवा, फापर, जौ, मकैलगायतका अन्नबालीको गुणस्तर र उत्पादनमा सहयोग पुग्ने कृषि शाखा प्रमुख थकालीले उल्लेख गरे।

'हिउँदयामको अनुकूल महिनामा हिउँ परेन भने किसानले लगाएको स्याउलगायतका अन्नबालीमा रोककीराको सङ्क्रमण बढ्ने, जमिनको तापमान वृद्धिले खेतीयोग्य जमिनलाई आवश्यक पर्ने तत्व प्राप्त नहुने हुन्छ, कृषि शाखा प्रमुख थकालीले भने,'हिउँदयामको हिउँ कृषि उत्पादनका लागि प्राकृतिक रोग प्रतिरोधात्मक अर्गानिक विषादीको रुपमा काम गर्छ, यसले किसानका लागि मलको रुपमा कामसमेत काम गर्ने भएकाले स्याउ लगायतका अन्नबाली सप्रिन्छ ।' हिमाली जिल्लामा बर्सेनी भर्दा र असोज महिनामा स्याउ खेतीको 'पोष्ट हार्भेस्ट' गरिने र स्याउको पोस्ट हार्भेस्टसँगै यहाँका किसानले उवा, जौ र फापर लगायतका नयाँ बाली घरमा भित्र्याउँछन् । बगैँचामा स्याउ टिपेर बोटको पात झरेर उजाड बनेपछि र किसानले हिउँदेबाली लगाउने समय पुस र माघ महिनामा अनिवार्य हिउँ पर्नुपर्ने प्राकृतिक नियम भए पनि पछिल्लो तीन वर्ष मुस्ताङमा राम्ररी हिमपात हुन नसकेको घरपझोङका किसान अजित थकालीले बताए।

स्याउ बगैँचा व्यवस्थापन लगायतका कार्य चलिरहने समयमा परेको हिउँले किसानलाई फाइदा पुर्‍याउने भए पनि मुस्ताङमा हिउँ पर्न नसकेको किसान थकालीको भनाइ छ। पछिल्लो समय हिउँ नपरी नदी र खोलाको पानीबाट सिँचाइ गर्दा खेतीयोग्य जमिनमा लगाइएको अन्नबालीमा रोगकीराको प्रकोप देखिएको र यसले यहाँका किसानलाई निकै चिन्ता थपिएको किसान थकालीको भनाइ छ। केही वर्षअघि यहाँको तल्लो मुस्ताङदेखि उपल्लो मुस्ताङसम्म भारी हिमपात हुन्थ्यो । हिमपातले मुस्ताङका डाँडाकाँडा, खर्क,पाटन र उच्चलैंकसहित बस्तीसम्म दुई फिल बढी हिउँ पर्थ्यो। अनुकूल समयमा हिउँ परेपछि यहाँका किसानले लगाएको अन्नबाली राम्ररी सप्रिन्थ्यो । जसका कारण यहाँका किसानले स्याउ लगायतका अन्नबाली उत्पादनबाट राम्रो फाइदा लिने गर्थ्ये तर पछिल्लो समय हिउँ नपरी बेमौसमी वर्षा हुन थालेको छ ।यहाँको थासाङ गाउँपालिका–१ टुकुचेका स्थानीय ८४ वर्षीय ङाचा थकालीले केही वर्षयता पुस र माघमासमेत हिउँ पर्न छोडेको बताए । 'जन्मिएर यतिका वर्ष भइयो, हिउँदमा सधैँ हिउँ पर्ने गर्थ्यो,'थकालीले भने,'अचेल त के भयो कुन्नी २–३ वर्ष भइसक्यो हिउँ परेको अनुभवनै गर्न पाइएको छैन ।' अनुकूल मौसममा हिउँ नपर्दा किसान मात्रै होइन यहाँ पर्यटन प्रवर्द्धनमासमेत असर पुर्‍याएको मुक्तिनाथस्थित होटल ग्राण्ड साम्वलाका प्रोपाइटर सुरज गुरुङले बताए । केही वर्षअघि अनुकूल समयमा हिउँ पर्दा मुक्तिनाथमा राष्ट्रिय स्की प्रतियोगितासमेत आयोजना भएको स्मरण गर्दै प्रोपाइटर गुरुङले हिउँदको समयमा हिमपात भएमा हिउँ खेल्न र हेर्न जिल्ला बाहिरका उल्लेख पर्यटक मुस्ताङ आउने उल्लेख गरे। पछिल्लो समय जलवायु परिवर्तका कारण हिमाली पर्यावरण फेरिन थालेको छ। हिउँदयामको मौसममा हिउँ नपर्ने र बाहिरी आवरणमा मात्रै चिसो हुने भएकाले खेतीयोग्य जमिनको तापक्रम वृद्धि भइरहेको घरपझोङ गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले बताए। अक्सर चैत /वैशाखमा मात्रै पलाउने स्याउको पालुवा यहाँका केही स्याउ बगैँचाका बोटमा पुस महिनामै स्याउ बोटमा पालुवा पलाउन थालेको उनको भनाइ छ । हिउँदयाममा हिउँ नपर्ने र जमिनको तापमान वृद्धि हुँदै जाने अवस्थाले मुस्ताङको स्याउ खेतीले विस्तारै उकालो चढ्दै बसाइ सार्न थालेको अध्यक्ष लालचनको भनाइ छ ।जलवायु परिवर्तनकै प्रभावका कारण यहाँको परम्परागत संस्कृतिमासमेत असर पुग्न थालेको छ।

सदियौँ वर्षदेखि निर्माण भएका यहाँका परम्परागत ढुङ्गा र माटोले बनेका पुराना घरका संरचना हिउँ नपरी वर्षा हुन थालेपछि सङ्कटमा पर्न थालेका छन् । हिउँ परेमा घरको छतमा अडिएर थपक्क बस्ने भए पनि हिउँ पर्न छोडेर वर्षा हुन थालेपछि यहाँका परम्परागत घर भत्किने र चुहिने गरेकाले परम्परागत घर मासिँदै जान थालेको घरपझोङ-५ ठिनीका स्थानीय नीरज थकालीले जानकारी दिए । पछिल्लो समय बेमौसममा वर्षा हुन थालेको र सडक सहज भएकाले परम्परागत घर मासेर कङ्क्रिट घर निर्माण गर्ने होडबाजी चलेको थकालीले बताए । जलवायु प्रभावले हिमाली क्षेत्रको धर्मसंस्कृति, परम्परा र यहाँको जैविक विविधता, पर्यटन र कृषि क्षेत्रमा नकारात्मक प्रभाव परेको उनको भनाइ छ। रासस

# स्वास्थ्य बिमा कार्यान्वयनको उत्कृष्ट नमुना भरतपुर अस्पताल

चितवन, माघ ५ । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालले माघ १ गतेबाट स्वास्थ्य बिमा बन्द गर्ने निर्णय गर्‍यो। यसको प्रमुख कारण स्वास्थ्य बिमाबाट दाबी गरिएकोमध्ये आधा अस्वीकृत (रिजेक्सन) भएको र समयमा भुक्तानी नपाएको हो।

त्रिवि शिक्षण अस्पतालकोभन्दा बढी सेवा दिने यहाँको सरकारी भरतपुर अस्पतालको भुक्तानी पाउनुपर्ने रकम त्रिविको भन्दा बढी छ तर अस्वीकृत दुई प्रतिशत मात्रै छ। अस्पतालले स्वास्थ्य बिमाको दाबी भुक्तानी र व्यवस्थापनमा छुट्टै खालको व्यवस्थित संरचना बनाएर काम गरेको छ। यसका कारण स्वास्थ्य बिमा कार्यक्रम लागू भएका देशभरका अस्पतालका बिमा हेर्ने कर्मचारी र प्रशासक यहाँ अध्ययनका लागिसमेत आउने गर्दछन् । कतिपय अस्पतालले कर्मचारी पठाएर काम सिकाउने गर्दछन्।

स्वास्थ्य बिमा बोर्डका सूचना अधिकारी विकेस मल्लका अनुसार बोर्डमा रहेका अस्पतालहरुको सरदर अस्वीकृत दर २० प्रतिशत रहेको छ। त्रिविले ५० प्रतिशत रहेको भनेको जनाउँदै उनले सबै अस्पतालको छुट्याएर आफूले नहेरेको बताए । उनले भने,'बिमा बोर्डको कार्यविधि र निर्देशिकाअनुरुप काम नगरेकाले अस्वीकृत भएको हो ।' दाबी गर्न नमिल्ने भनि उल्लेख गरेका क्षेत्रमासमेत उपचार गरी दाबी गरिएको उनको भनाइ छ।

जुन अस्पतालले बोर्डको कार्यविधि र निर्देशिका अनुसार काम गरेका छन्, उनीहरुको अस्वीकृत दर न्यून रहेको उनी बताउँछन्। निर्देशिकाअनुसार काम गरेकै कारण भरतपुर अस्पतालको अस्वीकृत कम भएको हो।

अस्पतालका बिमा कार्यक्रम प्रमुख लीलाधर पौडेलका अनुसार साउन, भदौ र असोज तीन महिनाको विस्तृत अध्ययन गर्दा अस्वीकृत दर दुई प्रतिशत हाराहारी हुन आएको हो । साउनमा १.५ प्रतिशत थियो, भदौमा २.८ र असोजमा ३.३ प्रतिशत अस्वीकृत दर रहेको छ। तीन महिनालाई सरदर मान्दा २.४ प्रतिशत अस्वीकृत दर हुन आउँछ।

कार्यक्रम प्रमुख पौडेलले बोर्डको निर्देशिका र कार्यविधिलाई अक्षरम्स पालना गरी काम गरिएको बताए।

सो क्रममा सेवाग्राहीलाई बुझाउन समय खर्चिनु परेपनि अस्वीकृत दर कम भएर अस्पतालको व्ययभार घटेको उनको भनाइ छ । उनले भने,'सेवाग्राही मैले यो सेवा किन नपाउने भनेर झगडा गर्न आउनुहुन्छ । हामी बोर्डको निर्देशिका देखाएर सम्झाएर पठाउँछौँ ।'

अस्पतालको स्वास्थ्य बिमा शाखामा १८ जना कर्मचारीले २४ सैँ घण्टा आलोपालो काम गर्ने गरेको उनको भनाइ छ। बोर्डको दाबी भुक्तानीसम्बन्धी तोकिएको मापदण्डभित्र रहेर सेवा प्रवाह तथा सोही अनुरुपका कागजातबाट दाबी गर्ने गरिएको छ। बिमा विभागमार्फत चिकित्सक र स्वास्थ्यकर्मीलाई समय समयमा बोर्डका नयाँ निर्देशन जानकारी गराएर सोहीअनुसार काम गर्न आग्रह गरिएकाले पनि न्यून अस्वीकृत भएको पौडेल बताउँछन्।

अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट प्राडा.कृष्णप्रसाद पौडेलका अनुसार बिमामा दक्षजनशक्तिको समूह परिचालन भएको र प्रविधिको उच्चतम प्रयोग गरिरहेका कारण अस्वीकृत दर कम भएको हो। उनका अनुसार अहिले पनि बोर्डबाट रु.६० करोडभन्दा बढी भुक्तानी पाउन बाँकी छ । आर्थिक वर्ष २०७४/७५ बाट अस्पतालमा स्वास्थ्य बिमा कार्यक्रम लागू भएको हो । गत आर्थिक वर्षको अन्त्यसम्म अस्पतालले १४ लाख ७६ हजार ९०३ पटक सेवा प्रवाह गरेको छ। जसबापत रु.दुई अर्ब ४७ करोड ४८ लाख २२ हजार ३२९ अस्पतालले प्राप्त गरिसकेको छ।

उनका अस्पतालमा खर्च हुने भएकाले अस्वीकृत दर घटाउने र समयमा भुक्तानी दिने कुरामा बोर्ड सकारात्मक हुनुपर्ने बताउँछन्। भरतपुर अस्पताल स्वास्थ्य बिमा कार्यक्रमका हिसाबले नेपालका अस्पतालमा नमूना रहेको भन्दै उनले अझ व्यवस्थित बनाउने कुरामा आफूहरु लागिरहेको बताउँछन्।

नेपालका ५१० अस्पतालमा स्वास्थ्य बिमा कार्यक्रम लागू भएको छ। दैनिक रु.१० करोडभन्दा बढीको दाबी बिमा बोर्डमा ती अस्पतालले गर्ने गरेका छन् । बोर्डको तथ्याङ्क अनुसार एक करोड नागरिक बिमामा जोडिएको भए पनि ६८ लाख मात्रै सक्रिय छन् । बोर्डले रु.१०.५ अर्ब रकम अस्पताललाई भुक्तानी गर्न बाँकी छ । जसका कारण अस्पतालहरुले बिमा कार्यक्रम सञ्चालन गर्न कठिनाइ भएको गुनासो गर्दै आएका छन्।

# गीतसङ्गीतमार्फत 'रमिताको पिरती' प्रवर्द्धन गरिने

काठमाडौँ, माघ ५ । आगामी माघ २३ गतेदेखि प्रदर्शन हुने चलचित्र 'रमिताको पिरती' लाई गीतसङ्गीतको माध्यमले नवपुस्ताका गायकले प्रवर्द्धन गर्ने भएका छन् ।युवापुस्तामाझ लोकप्रिय गायक तथा र्‍यापर कुशल पोखरेल, गायक तथा सङ्गीतकार सुशान्त केसी, महेश काफ्ले र समीर श्रेष्ठले देशभर साङ्गीतिक कार्यक्रम गर्दै चलचित्रको बारेमा जानकारी गराउने निर्देशक सुदिप्ताले जानकारी दिए । गायक श्रेष्ठले यस चलचित्रमा अभिनय नै गरेका छन् भने अन्य गायकले पार्श्व गायकका रूपमा जोडिएको निर्देशक सुदिप्ताले बताए।

उनले भने,'मैले युवापुस्ताको कथामा चलचित्र तयार गरेको पनि गीतसङ्गीतमा पनि नयाँपन दिन खोजेकी छु । हामीले चलचित्रको गीतसँग जोडिनुभएका युवापुस्तामाझ लोकप्रिय गायकलाई लिएर नेपाल भ्रमण गर्दैछौँ । हामीले साङ्गीतिक माहोलमार्फत आफ्नो चलचित्रको बारेमा जानकारी गराउने कोसिस गरेका छौँ ।' उनका अनुसार गएको माघ १ मा बुटवलमा साङ्गीतिक कार्यक्रम भइसकेको छ भने विराटनगर, बिर्तामोड, धरान, पोखरा, धनगढी र काठमाडौँमा पनि हुनेछ । उनले चलचित्रमा एक युवतीको प्रेम सम्बन्ध अन्त्य भएपछि उसको जीवनीमा आउने उतारचढाव देखाइएको बताए।

'यो 'ब्रेकअप स्टोरी' मा तयार भएको चलचित्र हो। हामीले नियमित बनिरहेका भन्दा केही फरक गर्ने कोसिस गरेका छौँ,'निर्देशक सुदिप्ताले भने । गायक तथा र्‍यापर कुशल पोखरेल नयाँ समूहको सक्रियता देखेर सहकार्य गर्न तयार भएको बताए। उनले चलचित्रका लागि गीत तयार गर्नुका साथै साङ्गीतिक कार्यक्रममा समेत सहभागिता जनाउनेछन् । 'म नेपाल भ्रमणमा जोडिएको छु, आफ्नो गीतलाई प्रत्यक्ष सुनाउन पाउँदा खुसी नै लाग्छ । यो चलचित्र बनाउने समूह नै छुटै ऊर्जा भएका छन्, त्यसैले हामीले सहकार्य गरेका हौँ । राम्रो काम भएको जस्तो लाग्छ, नियमित चलचित्र भवन नपुग्ने वर्गलाई यो चलचित्रले आकर्षित गर्छ जस्तो लागेको छ,' गायक पोखरेलले भने । उक्त चलचित्रमा आना शर्मा, समीर श्रेष्ठ, धीरज मगर, विनय श्रेष्ठ, गौमाया गुरुङ, पशुपति राई, रेनु योगीत, गियना, थिन्ले लामोलगायत कलाकारको अभिनय गरेका छन् । यसै चलचित्रमार्फत अभिनय यात्राको सुरुआत गरेका गायक श्रेष्ठले कलाकारितामा इच्छा भएकाले नै अभिनयमा आफू आएको गायक श्रेष्ठले बताए। उनले भने,'मैले अभिनय गर्ने सोच बनाएको थिएँ तर सही समय र पटकथा पाउन सकेको थिइनँ। मलाई अभिनेता बन्ने प्रस्ताव आउँदा पहिलो कुरा टोली राम्रो लाग्यो अनि विषयवस्तु पनि । सबै कुरा भनेजस्तो भएपछि किन पर्खिने भनेर अभिनययात्रा प्रारम्भ गरेको हुँ ।' श्रेष्ठले अभिनेता बने पनि गायनलाई नछाड्ने बताए।

उक्त चलचित्रको पटकथा निर्देशक सुदिप्ताले नै तयार पारेका हुन् भने शिशिर विशङ्खेले छायाङ्कन, सुनिल सिवाकोटीले सम्पादन र कृतिका बराललले नृत्य निर्देशन गरेका छन्। चलचित्रमा सहनिर्माताको रूपमा निर्देशकसमेत रहेका सुवास कोइराला छन् भने निर्माण सागर लम्सालले गरेका हुन्।




## शिलबन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/१०/०६ गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २८७३ मिति २०८१/११/२६ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यलय बाँकेको च.नं. १६७२ मिति २०८२/०९/०४ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना र धौटी जातका कुल जम्मा गोलिया थान ८४ को ५३७.७ क्यू.फिट काठ तथा साल जातको २.२५ चट्टा दाउरा र अन्य जातको १.२५ लाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो । ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र शिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिनभित्र शिलबन्दी बोलपत्र दर्ता गर्न आह्वान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

**श्री सम्झना सामुदायिक वन उपभोक्ता समूह**
राप्तीसोनारी-०३, बाँके




## लुम्बिनी प्रदेश अन्तर्गत गुल्मी जिल्लाको छत्रकोट गाउँपालिका वडा नं. ०६ स्थित लामी ढुंगा, दौघा क्षेत्रमा डिपोजिट रहेको चुनढुंगा खानी उत्खनन् गरी खानी संचालानार्थ, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सूचना (७ दिने)

प्रकाशित मितिः २०८२/१०/०६

लुम्बिनी प्रदेश अन्तर्गत गुल्मी जिल्लाको छत्रकोट गाउँपालिका वडा नं. ०६ स्थित लामी ढुंगा, दौघा क्षेत्रमा डिपोजिट रहेको चुनढुंगा खानी क्षेत्रमा श्री दौघा मिनिरल्स प्रा.लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री दौघा मिनिरल्स प्रा.लि.<br>भरतपुर–२१, चितवन, बागमती प्रदेश<br>फोन नं : ९८४५०३२३३१ |
| प्रस्तावको व्यहोरा | प्रस्तावित चुनढुंगा खानी अन्तर्गत गुल्मी जिल्लाको छत्रकोट गाउँपालिका वडा नं. ०६ स्थित लामी ढुंगा, दौघा क्षेत्रमा पर्दछ । भौगोलिक अवस्थाका आधारमा यस प्रस्तावित खानी टोपो सिट नं. टोपो सिट नं. ०९८–०३ खरज्यान (१:२५,०००) मा पर्ने ११५८.०० मि. उचाईमा रहेको बिन्दु (नियामक पूर्व ४३२६००.०० मि. र उत्तर ३०९०६५०.०० मि.) लाई मूल चिन्ह मानी सोबाट पूर्व १६००.०० मि., पश्चिम १२००.०० मि.,उत्तर ४१५.०० मि. र दक्षिण ७००.०० मि. गरि जम्मा ३.१२ वर्ग कि.मि. क्षेत्रफल मध्येबाट ४८.२० हे. मा खानीको लागि सर्भे गरीएको क्षेत्रफल मध्येबाट निजि जमिन २.५१ हे. खानी क्षेत्र रहने छ । यस खानी क्षेत्रबाट निजि जमिन २.२२ हेक्टर उत्खनन् एरिया, साथै खानीसंग सम्बन्धित अन्य संरचना (यार्ड-Soil र अन्य वेस्ट/सिल्टेसन पण्ड, कार्यालय र वर्कशप Yard, खानी सडक/नापतौल स्थल सहितका साथै खानी सडक र पहुँच सडक) को निर्माणका लागि निजि जमिन ०.३१ हे. जमिन गरि कुल निजि जमिन २.५१ हे. सम्पूर्ण व्यक्तिगत निजि जमिन भित्रबाट चुनढुंगा उत्खनन् तथा संकलन गर्नु हो। यस खानी बार्षिक सरदर २७० दिन संचालनमा रहनेछ जस अनुसार दैनिक ५७३.०८ बेच्न योग्य interband सहित) चुनढुंगा उत्खनन् गर्नु रहेको छ । यसरी बार्षिक १,४८,५०० घन मिटर चुनढुंगा र बेच्न योग्य interband ६,२३२.६५ उत्खनन् तथा संकलन गरिनेछ । |
| प्रभावित पार्न सक्ने जिल्ला/गा.पा. | गुल्मी जिल्ला/छत्रकोट गाउँपालिका वडा नं. ०६, र आसपासको क्षेत्र । |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न यस छत्रकोट गाउँपालिका वडा नं. ०६ तथा यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलबध गराई दिनु हुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री दौघा मिनिरल्स प्रा.लि.<br>भरतपुर–२१, चितवन, बागमती प्रदेश, फोन नं : ९८४५०३२३३१ |
| परामर्शदाताको नाम र ठेगाना | सिलिचुङ्ग कन्सल्टेन्सी सर्भिसेज् प्रा.लि.<br>बानेश्वर, काठमाडौं महानगरपालिका–१०, बागमती प्रदेश, नेपाल<br>सम्पर्क व्यक्ति : सागर निरौला<br>फोन नं. : ९८४१८९२३६७, Email: sagarbabu1990.@gmail.com |

## श्री पिपरीचापा महिला सामुदायिक वन उपभोक्ता समूह

कञ्चन–५, रुपन्देही

### काठ लिलाम बिक्री सम्बन्धि सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८२/१०/०६ गते

यस सामुदायिक वनवाट आ.व. २०८१/०८२ मा उत्पादन भएको काठमध्ये समूहभित्रका उपभोक्ताहरुलाई बिक्री वितरण भई बाँकी रहेको लट नं. १ र ३ बमोजिम साल र असना जातको गोलिया थान ३३० को १९९७८८ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काष्ठ व्यवसाय गर्ने ईजाजत प्राप्त व्यक्ति, संघ संस्था वा फर्मले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले २१ दिनभित्र समूहको कार्यालय तथा डिभिजन वन कार्यालय रुपन्देहीबाट वोलपत्र फाराम खरिद गरी शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

अध्यक्ष

## Rambha Rural Municipality
Office of Rural Executive
Pipaldada, Palpa, Lumbini Province, Nepal

### NOTICE OF INVITATION FOR BIDS (E-BIDDING ONLY)

**(First Publication Date: 20-Jan-2026 (2082/10/06)**

1. Rambha Rural Municipality, office of Rural Municipal executive invites only electronic bids from eligible bidder's for the following works.

| Contract Identification No | Description of works | Estimated Amount Exclusive of VAT & Ps Items | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|
| RRM/NCB/Works/ 082/083-10 | Construction of Naugau Thulatar Irrigation Project | NRs. 17,76,161.33 | NRs.55,000/- | NRs.3,000/- |

2. Bidder may download the bidding Document and submit their bids electronically through www.bolpatra.gov.np/epg as specified in bid document.

**Chief Administrative Officer**

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

## डिभिजन वन कार्यालय, प्यूठान

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८२।१०।०६ गते

यस कार्यालयबाट स्वर्गद्वारी मन्दिर परिसरमा नक्षत्र बाटीका निर्माण कार्य गर्न e–bidding प्रक्रियाबाट बोलपत्र आह्वान गरिएकोमा निर्धारित समयभित्रमा रितपूर्वक दर्ता भएका बोलपत्रहरूमध्ये निम्न बोलपत्र न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही देखिएको हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

ठेक्का सम्बन्धी विवरण

| सि. नं. | ठेक्का नं. | कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक रु. (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|---|
| 1 | DFO-PUT/Works/ NCB/2082-083/01 | Construction of Nakshetra Batika, Swargadwari Temple, Pyuthan | Pyuthan Builders Pvt. Ltd. Tokha Municipality-03 kathmandu | 1941445.65 |

डिभिजनल वन अधिकृत